


# बुद्ध दर्पण

राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ५ अंक २३१ २९ फागुन २०७६ बिहीबार 12 March 2020 Thursday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

### उद्योगमा भारतीय मजदुरको बर्चश्व

## बिदेशीएका यूवालाई प्रदेश फर्काउन कार्यक्रम : मुख्यमन्त्री पोखेल

भैरहवा, २८ फागुन

प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले पैसा कमाउन नेपाली युवाहरु विदेश नै जानुपर्ने बाध्यताको अन्त्य गर्नेतर्फ प्रदेश सरकारले आगामी वजेटवाट कार्यक्रम ल्याएर बिदेशीएका युवालाई प्रदेश भित्र फर्काउने काम थाल्ने वताउनु भएकोछ। मुख्यमन्त्रीले नेपालमै रोजगारीका प्रशस्त संभावना छ भन्दै आफ्नो देशमा पाएको काम नगर्ने तर विदेश जानुपर्ने नेपालीहरुको मानसिकता नै वनिसकेको बताउदै त्यो मानसीकता राष्ट्रप्रेमको भावना विकास गरेर बदल्ने औल्याउनु भयो।

प्रदेश ५ सामाजिक विकास मन्त्रालयको आयोजना तथा जिल्ला युवा समिति रुपन्देहीको समन्वयमा बुधबार भैरहवामा भएको मुख्यमन्त्रीसंग युवा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पोखरेलले भन्नुभयो- भारतबाट मानिस आएर नेपालमा काम गरिरहेका छन तर नेपालीहरु बेरोजगार भएको गुनासो गर्छन, हामी नेपालीमा विदेश नै जानुपर्ने मानसिकता गडेर बसेको छ अव हरेक तहका सरकार एकिकृत कार्यक्रमका साथ लागेर स्वदेश फर्काउने अभियान शुरु हुन्छ उहाले प्रष्टयाउनु भयो।मुख्यमन्त्री पोखरेलले आशावादी भए भविष्य उज्यालो हुने र निराशावादी भए भविष्य अन्धकार हुने भएकोले युवाहरुलाई भविष्यप्रति आशाबादी हुन आग्रह गर्नुभयो।




जुन हिसाबले समाज बदल्नुपर्ने त्यो अनुसार बदल्न नसकिएको बताउँदै उहाँले सबैकुरा एकै पटक नहुने भएकोले सकारात्मक सोच राख्नुपर्नेमा जोड दिनुभयो। आफ्नो देशमा पाएको काम नगर्ने तर अन्यत्र गएर त्यही काम गर्ने समाजको मनोविज्ञान छ, यहाँ भएका कामहरु विदेशबाट आएर युवाहरुले गरेका छन्, त्यसैले मनोविज्ञानमा बदलाव जरुरी छ, उहाँले भन्नुभयो। आम्दानी गर्ने भन्दा पनि देखाउने कामलाई बढी महत्व दिदा यस्तो परिस्थिति उत्पन्न भएको मुख्यमन्त्री पोखरेलले बताउनु भयो। मुख्यमन्त्रीले आफ्नो परिवारमै बसेर गर्न सकिने असंख्य काम भएको र मुलुकभित्र थुप्रै काम भए पनि त्यो काम नगरिदा बेरोजगारी देखिएको उल्लेख गर्नुभयो।

प्रदेश ५ सिमेन्ट उद्योगको हब बन्दै गएको र ती उद्योगमा काम गर्ने अधिकाशं भारतीय नागरिक नै रहेको भन्दै उहाँले कृषिमा बदलाव नगरेसम्म नागरिकको जीवनस्तरमा परिवर्तन ल्याउन नसकिने स्पष्ट गर्नुभयो। संघीयता आइसकेपछि करका दर बढे भन्ने कुरा प्रदेश ५ को हिसाबले सत्य नभएको मुख्यमन्त्रीको दावी छ। प्रदेश सरकारले युवाहरुको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नेतर्फ अगाडी बढेको मुख्यमन्त्री पोखरेलले जानकारी दिनुभयो। कार्यक्रममा प्रदेश ५ सरकारका सामाजिक विकास मन्त्री सुदर्शन बरालले प्रदेशका युवाहरुलाई रचनात्मक काममा लैजान प्रदेश सरकारले ठोस कार्यक्रम अगाडी बढाउने जानकारी दिनुभयो।उहाँले युवाका सपना र आवश्यकतालाई सम्बोधन गर्न सरकारले प्रयत्न गरिरहेको पनि जानकारी दिनुभयो। युवालाई अगाडी बढाउने दायित्व प्रदेश सरकारको रहेको उहाँको भनाई थियो। जिल्ला युवा समिति रुपन्देहीका अध्यक्ष बसन्त ढकालले युवाहरुलाई विदेशिनबाट रोक्नुपर्ने बताउनु भयो। उहाँले युवाहरुलाई उद्यमशील कसरी बनाउने भन्नेतर्फ सरकारको कार्यक्रम अगाडी बढ्नुपर्ने बताउनु भयो। कार्यक्रममा सहभागि विभिन्न संघ-संस्था तथा क्लबमा आबद्ध युवाहरुले प्रदेश युवा परिषद गठन गर्नुपर्ने, युवाहरुलाई सरकारले प्रोत्साहन गर्नुपर्ने, लैंगिकमैत्री वातावरण हुनुपर्ने, संघ-संस्थाहरु स्थानीय तहमै दर्ता र नविकरण हुनुपर्ने, युवाहरुलाई रोजगार दिनेतर्फ सरकारको ध्यान केन्द्रीत हुनुपर्ने, उद्योगहरुमा स्थानीय युवाहरुलाई नै रोजगारी दिनुपर्ने लगायतका सुझाव दिएका थिए।

## प्रदेश राजधानीमा सहमति नभई प्रस्ताव आउन्न : मन्त्री के.सी.




बुटवल, २८ फागुन

प्रदेश राजधानी टुंगो लगाउने प्रस्ताव सदनमा पेश गर्न आलटाल भैरहेको र बुटवलवाट दाङ सार्ने चलखेल जारी रहेको भन्ने समाचारहरु आईरहेको बेला प्रदेश ५ का आन्तरिक मामिला तथा कानुन मन्त्री कुलप्रसाद केसीले प्रदेश राजधानीका विषयमा सहमति नभई सदनमा प्रस्ताव नआउने वताउनु भएको छ। उहाले सहमति विना सदनमा प्रस्ताव ल्याएर ध्रुविकरण वढाउदा कसैलाई फाइदा नहुने स्पष्ट पार्नु भयो।उहाँले छिटो राजधानी घोषणा गर्ने नाममा पछिसम्म पछुताउने अवस्था आउन नदिने तर्क गर्नुभयो।

पछिल्लोसमय मुख्यमन्त्री शंकर पोखरेल, कानुन मन्त्री केसी, प्रदेश सभामुख पूर्णवहादुर घर्ती लगायतले प्रदेश राजधानी बुटवलवाट दाङ सार्ने चलखेल गरिरहेको भन्ने समाचारहरु सामाजिक सञ्जालमा भाईरल नै बनेका छन।

उक्त चलखेल निस्तेज गर्न भन्दै बुटवलमा नागरिक अगुवाहरुको भेलाले दवाव अभियान समूह नै गठन गरेको छ। उता आन्तरिक मामिला तथा कानुनमन्त्री केसीले सहमतिबाट नै प्रदेशको नाम र राजधानीको टुङ्गो लाग्ने बताउनु भएको छ।

प्रदेशको नाम र राजधानीको विषय टुङ्गो लगाउन ढिलाई भैरहेको बेला मन्त्री केसीले नाम र राजधानी तोक्ने विषयमा हतारमा निर्णय गर्न नहुने भन्दै सहमतिमै हुने आफूले विश्वास लिएको बताउनु भयो।

रिपोर्टस क्लव नेपाल प्रदेश ५ ले बुधवार बुटवलमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै मन्त्री केसीले प्रदेश सरकारले यो विषयलाई गंभीरतासाथ लिएकोले अव पाको र गहन ढंगले अध्ययन गरी निष्कर्षमा पुग्नुपर्ने धारणा राख्नुभयो।

मन्त्री केसीले प्रदेश राजधानीका लागि तीनवटा स्थानका नाम चर्चामा आएको भएपनि सवैलाई पायक पर्ने गरी प्रदेश राजधानी तोकिनु पर्ने उल्लेख गर्नुभयो।

प्रदेश राजधानीको विषय टुङ्गो लागेमा नामको विषयमा त्यति विवाद नहुने र तुरुन्तै निर्णय गर्न सकिने भन्दै मन्त्री केसीले भन्नुभयो- हामी सवैलाई न्याय हुने गरी नै राजधानीको विषय निष्कर्षमा पुऱ्याउँछौं।

प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले बुटवल राजनीतिक क्षेत्रमात्र नभई इतिहाससँग जोडिएको क्षेत्र भएकाले बृहत्तर बुटवलमा नै राजधानी वन्नुपर्ने धारणा राख्नुभयो। राजधानीका लागि भर्जिन ल्याण्डको खोजी हुँदैछ भन्ने बाहिर हल्ला छ भन्दै उहाँले तर रुपन्देहीको विकल्प हुन सक्दैन भन्नुभयो।

बुटवल विमानस्थलबाट नजिक रहेको, प्रशस्त पूर्वाधार भएकोले बुटवल राजधानीका लागि उपयुक्त रहेको उहाँको दावी छ।

कार्यक्रममा प्रदेश सभा सदस्य फकरुद्दिन खानले प्रदेश राजधानी र नामाकरणको विषय प्रदेश सरकारकै कार्यकालमा नसकिने हो कि भन्ने आशंका उत्पन्न भएको भन्दै यही विषयले सरकार असफल भएको भन्न सकिने दावी गर्नुभयो।

उहाँले बुटवलमा कर्मचारी आउन एक बर्ष लाग्यो अव अन्यत्र लैजाँदा कर्मचारी जान तयार हुन्छन् वा हुँदैनन् ? प्रश्न गर्दै बुटवलमा वसिसकेको अस्थायी राजधानीलाई नै स्थायी गर्नुपर्ने धारणा राख्नुभयो।

त्यसैगरी समाजवादी पार्टीका प्रदेश संसदीय दलका प्रमुख सचेतक सन्तोष पाण्डेले प्रदेशको राजधानी र नाम टुङ्गो लगाउने विषय प्रदेश सभाको आफ्नो अधिकार हो भन्दै यसको निर्क्यौल पनि प्रदेश सभाबाटै लगाइनु पर्ने वताउनु भयो।

## शिवगढीको शिखरवाट महराको गर्जन : साम्राज्यवादीले फसाएपनि न्याय पाएँ

**माधव बेल्वासे**

कपिलवस्तु २८ फागुन

पूर्व सभामुख कृष्णबहादुर महराले राष्ट्रिय स्वाधिनताको विषयलाई लिएर आफुलाई फसाउन खोजिएको बताउनुभयो। गृह जिल्ला दाङ पुगेर फर्कने क्रममा कपिलवस्तुको शिवराज नगरपालिका ९ रमुवादहमा कार्यक्रता सगँको भेटमा महराले अदालतले सफाई दिएकोले यसको श्रेय आमनागरिकमा जाने बताउनुभयो। दाङ रोल्पाका सबै ठाउँमा पुगेको बताउदै कपिलवस्तुको शिवगढीवासीहरु सँग २८ वर्ष पछी पहिलो पटक भेट हुदाँ खुसी भएको बताउनुभयो। रमुवादहका स्थानियहरुले महरा र उहाँकी धर्मपत्नीलाई माला लगाएर स्वागत गरेका थिए।



निर्वाचन क्षेत्र तथा अन्य स्थानका आम नागरिकहरुले अपार माया पाएको बताउँदै जनताको हित विपरीत कुनै कदम नचाल्ने प्रतिबद्धता जनाउनुभयो। "मलाई राष्ट्रिय स्वाधिनताको विषयलाई लिएर नियतबस फसाउन खोजिएको हो "उहाँले भन्नुभयो "म माथि झुटो आरोप लगाइयो, ।" उच्च अदालतले निर्दोष सावित गरेपछि आफ्नो घर परिवार र आफन्तजन संगको भेटघाटमा व्यस्त रहेनुभएका महरा शिवराज ९ शिवगढीमा आफ्नो फुफु फुपाजुसँग भेटघाट गर्नुभएको छ। लामो समयदेखी शिवगढी आउन ईच्छा रहेको भएपनि कार्यव्यस्तताले आउन नपाएको जनाउदै लामो समय पछि आउँदा पनि जनताले गरेको माया प्रति आफु कृतज्ञ भएको बताउनुभयो। रोल्पा, प्यूठान बाट बसाईसराई गरी आएकाहरुको बाहुल्यता भएको शिवगढीमा विकास निर्माणमा आफुले विशेष ध्यान दिने उहाँले बताउनुभयो। शिक्षा स्वास्थ्य रोजगार लगाएतका विषयमा विकास गर्न आवश्यक रहेकोले विकासमा फड्को मार्नुपर्ने बताउनुभयो।

तिन महिना सम्म आफु जेलमा रहँदा दश हजार जना भेट्न आएको बताउनुभयो। जेलमा रहँदा धेरै जन सर्मथन पाएको भन्दै राजनितिक विषयलाई लिएर आफुलाई फसाउन शक्ति लागेको बताउनुभयो। पूर्व सभामुख महरालाई नेकपा प्रदेश सदस्य बालकराम बुढा मगर, नेकपा शिवराज नगरकमिटी अध्यक्ष दिनेश पुन ,जिल्ला सचिवालय सदस्य मिना परियार, वडा नं. ९ का वडा अध्यक्ष चुर बहादुर खड्का लगायत नेकपाका नेता कार्यकर्ताहरुले स्वागत गरेका थिए।



## सम्पादकीय

# प्रतिकूल परिस्थिति

कोरोना भाइरसको त्रास त छँदै थियो, बेमौसमी वर्षाले पनि गास् र बास खोस्लाजस्तो छ । मौसमविदहरुले दिएको जानकारी अनुसार पश्चिमी वायुको प्रभावले मेघ गर्जनसहित बर्षा र चट्याङ् पर्ने रे । प्रतिकूल परिस्थितिलाई अनुकूल अवस्थामा लैजानसक्ने ल्याकत सरकारसंग त छैन भने जनतासंग हुने कुरै भएन । कोरोना लागेछ भने के गर्ने, भन्ने जिज्ञासा मेटाइदिन र आफै सुरक्षित हुने तयारीतिर लाग्न, सम्बन्धित मन्त्रीले भनेछन् ‘क्वारेन्टाइनमा बस्न परे आफै बस्नु, सरकारले राख्न सक्दैन ।’ कर लिन सक्ने, भर दिन नसक्ने सरकार छन् हाम्रा । तीनवटै सरकार पाल्न गाह्रो भएकै बेला एकपछि अर्को गर्दै आइलाग्ने आपत्हरु पनि । मान्छेले गरेका कृत्य सहन नसकेर प्रकृतिले पनि बदलालिन थालेजस्तो पो छ त, बेमौसमे झरी र महामारी !

केही नगरे पनि त्यसरी मुखै खोलेर सरकारी लाचारी व्यक्त नगरेको भए हुन्थ्यो मन्त्रीले । आश्वासन दिन त सकिन्थ्यो होला नि ! दिएनछन् । आश पनि हरायो । त्रास झन् बढायो, सास जोगाउने के ले ? भरथेग गर्नुपर्ने सरकारका मन्त्रीले नै जब त्यस्तो भन्छन् भने । कालले नलगेसम्म बाँच्ने । कालले लगेछ भने कुरै सकियो । कालले छोडेछ र बँचिएछ भने पनि सरकारको करले छाड्दैन, बाँचेकोमा पनि कर अशुल्न आइपुग्छन् तीनथरि सरकार । धन्य हो हाम्रो व्यवस्था र अवस्था ! यो भन्दा कस्तो हुन्छ दुरावस्था ?

सिङ्गै पुस र आधा माघसम्म शीतलहरको सकस थियो । हिउँदे बालीनाली सखाप पाऱ्यो त्यसैले । शीतलहरकै बेला र त्यसपछि पनि बेमौसमी वर्षा भयो । बारीका सागसब्जी, तोरी र आलु जोगाउन पाएनन् कसैले । फागुन लागीसकेपछि पनि बेमौसमी वर्षा भैरहेकै छ । खेतबारी सुक्न पाएको छैन । अलिकति होला भनेको गहुँ र अडहर(रहर) पनि थन्क्याउन नदेलाजस्तो छ । अनि यही बेलामा कोरोनाको कहरले संसारभरि आफ्नो जहर फैलाएको छ । बाँच्ने रहर भएकाका मनमा पनि डरैडरले घर गरेको छ । टाउकामाथि तरबार झुण्ड्याएर बसेजस्तो र हिडेजस्तो छ । ढाडस दिने कोही छैनन् । स्वदेशमा नभए पनि विदेशीले त भर-थेग गर्लान् भन्ने समय छैन । भरथेग गर्नेहरु आफै आपत् झेलेर बसेका छन् । विकसित र सम्पन्न देशको विपन्नता पनि छताछुल्ल भयो अहिले त । समयले सवैको पोल खोलिदियो ।

अरुको आश नगर्नु, त्रासमा नबस्नु, गास र बास जोगाउनु, सास नजाऊँ जेल धान्नु, गैसकेपछि समस्यै सकिन्छ, भन्न र मान्न पर्ने अवस्था छ । यसो भन्दैमा र मान्दैमा पनि समस्या सकिदैन । आहारा र सहारा भएर पनि बेसहाराजस्ता बन्न र भन्न परेको प्रतिकूल परिस्थितिकै कारणले हो । आ-आफ्नो बर्कत र बुताले भ्याएसम्म गर्ने हो जस्ले पनि । मान्छेका बर्कत र बुताभन्दा बाहिर गैसकेपछि कसैको केहीसीप लाग्दैन । आपत भाग्दैन । सकेसम्म सहने र कहने हो । नसके पनि सहने र रहने हो । नरहे टुङ्गियो, समस्यै सकियो, कि प्रलयको पूर्वाभ्यास होला यो ?

# संक्रमणसँग जुध्न अपुरो तयारी



कसैलाई संक्रमण नै नभएर हो या पहिचान हुन नसकेर, कोरोना भाइरस (कोभिड-१९) को प्रकोप विश्वभर फैलिसक्दा पनि नेपालमा अहिलेसम्म एक जना मात्र संक्रमित भेटिएका छन्। चीनको वुहानबाट फर्किएका ती संक्रमित व्यक्ति पनि अस्पतालमा उपचारपछि निको भएर माघको पहिलो सातै घर फर्किएका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हेल्थ डेस्कमा जडान गरिएको थर्मल स्क्यानर ।फाइल तस्बिर : कान्तिपुर

यसबीचमा संक्रमणका अरू घटना नदेखिए पनि विश्वभर जुन रूपमा यो प्रकोप फैलिएको छ, त्यो हेर्दा नेपाल ढुक्क भएर बस्न सक्ने स्थिति छैन। सम्भावित जोखिमसँग जुध्न सरकारले कैयौं तयारी गर्नुपर्ने देखिन्छ। भोलिका दिनमा एकै पटक धेरै जनामा यसको संक्रमण देखियो भने कसरी नियन्त्रण र रोकथामका उपाय अपनाउने भनेर सरकारी निकायहरूले स्पष्ट योजना बनाउन जरुरी छ।

नेपालमा पनि चीन, इटाली, दक्षिण कोरिया र इरानमा झैं यसको प्रकोप तीव्र रूपमा फैलियो भने पूर्वतयारी अभावमा हाम्रो समग्र प्रणाली नै अस्तव्यस्त हुने चेतावनी विज्ञहरूले दिइसकेका छन्, जसलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ। अहिलेसम्म ४ सय ४१ जनामा शंकास्पद नमुना परीक्षण गरिए पनि यीमध्ये अधिकांश वुहानबाट फर्किएर ‘क्वारेन्टाइन’मा बसेकाहरू हुन्। ६६ वटा नमुना मात्र विदेशबाट फर्केका सर्वसाधारण नेपाली वा विदेशी पर्यटकबाट लिइएको हो। नमुना संकलन र परीक्षणको दायरा यो स्तरमा सीमित रहँदा हामीमा संक्रमण छैन भनेर निश्चिन्त रहन मिल्दैन। सम्भावित जोखिमसँग जुध्न सरकारले सबै प्रकारका तयारी गर्नैपर्छ।

सबैभन्दा पहिले, सरकारले छिमेकी मुलुकसितका नाका र विमानस्थलको जाँचलाई प्रभावकारी बनाउनुपर्छ, ताकि कोही संक्रमित व्यक्ति मुलुक प्रवेश गरेमा पहिचान गरेर अलग्गै राखी उपचार गर्न र अरूलाई संक्रमण फैलनबाट रोक्न सकियोस्। केही ठूला नाकामा यस्तो स्वास्थ्य जाँचको व्यवस्था गरिए पनि नेपाल-भारत आवतजावत गर्ने साना नाकाहरूमा यससम्बन्धी कडिकडाउ गरिएको पाइँदैन। एउटै संक्रमित व्यक्तिबाट धेरैमा फैलिन सक्ने भएकाले थोरै व्यक्तिको आवागमन भनेर कतै पनि हेलचेक्र्याइँ गर्न मिल्दैन। र, यस्ता हेरक जाँच केन्द्र देखावटी रूपमा मात्र सञ्चालन गर्नुको कुनै तुक छैन, तिनलाई उत्तिकै स्रोतसाधन सम्पन्न बनाइनुपर्छ।

दोस्रो, सरकारको ध्यान प्रकोप फैलिहालेमा कसरी बिरामीको परीक्षण तथा उपचार गर्ने र संक्रमण थप विस्तार हुनबाट रोक्ने भन्नेमा केन्द्रित हुनुपर्छ। कोरोनाले

(बाँकी ३ पेजमा >>>


**KRISHNANGAR MUNICIPALITY**
**OFFICE OF THE MUNICIPALITY EXECUTIVE**
**KRISHNANAGAR KAPILVASTU**
**5 NO. PROVINCE,NEPAL**

**Invitation for Bids for the National Competitive Bidding**

Date of publication: 2076-11-29 (March 12, 2020)

1. The **KrishnanagarMunicipality** Office Of The Municipality Executive has allocated funds to cover eligible payment under the Contract for contracts named below.

| S.No. | Contract Identification No | Name Of Work, Address | Bid Security Amount(Nrs.) | Fee for Bid Document |
|---|---|---|---|---|
| 1 | KNM/NCB/BD -04/076-77 | Mandir MarmatTathaSaundarikaran (DayanagarShiwalay,ChhatPokhariSundarikaran,Harigawa Samaya Mandir) | 1,11,000.00 | 3,000.00 |
| 2 | KNM/NCB/BD-05/076-77 | AdharbhutBidyalayStaronnatiYojana(Rastriya AdharbhutBidyalaySarphar,HridyanagarNi.Ma.Vi, AdishaktiAdharbhutBidhyalay) | 1,11,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Krishnanagar Municipality office Kapilvastu,Krishnanagar,Nepal**
3. A Complete set of Bidding Document may be purchased from the Krishnanagar Municipality **office Kapilvastu,Krishnanagar,Nepal** by eligible Bidders on the Submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000.0 NRs. till 10-04-2020 (2076-12-28)15:00 hours. Bidders should deposit the cost of bidding document in the Office Rajaswa (revenue) account as specified below:-
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Nepal Limited Bank Krishnanagar,Kapilvastu
Name of the Office: Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu
Office Code no: 801054902 (Dharauti and Rajaswa); Office Account no: 01403000000003000008
4. Bids must be submitted to the Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu by hand/courier before11-04-2020 (2076-12-29) 12:00 hours. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 11-04-2020 (2076-12-29) 14:00 hours at the Krishnanagar Municipality, Office of Municipal Executive, Kapilvastu, Nepal.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
7. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Krishnanagar Municipality Office
8. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal
9. The employer reserves the right to accept or reject wholly or partly ant or all the bids without assigning reason whatsoever.

Chief Executive Officer

– जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं ।
अनुरोधक :-
महाराजगंज गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौं,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– पानी उमालेर पिउने गरौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

– चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# बाणगंगामा दादुरा रुवेला खोप अभियान शुरु

**विकास थापा**
कपिलवस्तु २८ फागुन

विगत दशकौं देखि बालबालिकालाई दादुराको खोप लगाउन थालिए पनि उक्त रोग नेपालबाट निवारण हुन सकेको छैन । दादुराको खोपसँगै रुवेलाविरुद्ध पनि बालबालिकालाई खोप लगाउने गरिन्छ। रुवेलाका विरामी बालबालिका पनि नेपाल अझै भेटिने गरेको स्वास्थ्य कार्यालयहरुका तथ्यांकले पुष्टि गरेको छ । यसैबिच कपिलवस्तुको बाणगंगा नगरपालिकाले पनि यसबर्षको अभियान बुधबारबाट शुरु गरेको छ। चैत्र २ गते सम्म सञ्चालन हुने खोप अभियानको बाणगंगाको हथौसा स्वास्थ्य केन्द्रबाट शुभारम्भ गरिएको हो। ५ बर्षमुनिका ३ बालबालिकालाई पोलियो खुबाउदै



नगर उपप्रमुख चक्रपाणी अर्यालले सबै बालबालिकालाई दादुरा रुवेला खोपसंगै पोलियो खुबाउन आग्रह गर्न्भएको छ । उहाले खोप अभियानको प्रभावकारीताका लागि सम्वद्ध सबै पक्ष जिम्मेवार हुनु पर्नेमा जोड दिनुभयो। यस्तै कार्क्रममा बोल्दै वडा नं ११का वडा अध्यक्ष सोमनाथ अर्यालले यस रोगको औषधी नपाईने भएकोले सबै अभिभावक समयमै सचेत भई खोप लगाउन सबैमा आग्रह समेत गर्नुभयो । कार्यक्रममा नगरका स्वास्थ्य अधिकृत भक्तिराम पाण्डे ,नेकपा वडा कमिटिका अध्यक्ष मेघराज बेल्बासे लगाएतको आतिथ्यता रहेको थियो । बाणगंगा नगरपालिकाले यसबर्ष अभियान अन्तर्गत ९ महिनादेखि पाँच वर्षसम्मका ६ हजार ७ सय ८६ जना बालबालिकालाई दादररा तथा रुवेलाविरुद्धका खोप दिइने लक्ष्य राखेको छ ।साथमा पाँच वर्षमुनीका ८ हजार ५ सय ८६ जना बालबालिकालाई पोलियो थोपा पनि खुवाइने लक्ष्य राखेको नगरका स्वास्थ्य अधिकृत भक्तिराम पाण्डेले जानकारी दिनुभयो। अभियान अन्तर्गत नगरमा ७३ वटा खोपकेन्द्र रहेका छन।

# कांग्रेसको दलित विभागमा रामकिसन

भैरहवा, २८ फागुन । नेपाली काँग्रेस रुपन्देहीले दलित विभाग विस्तार गरेको छ। काँग्रेस रुपन्देहीका जिल्ला सदस्य रामकिसन विश्वकर्माको संयोजकत्वमा दलित विभाग विस्तार गरिएको हो।

संयोजक विश्वकर्माले विभागलाई पूर्णता दिन जिल्लाका १७ जना दलित अगुवा तथा कार्यकर्तालाई सदस्यका लागि सिफारिस गर्नुभएको छ।

उहाँले पार्टी सभापति अब्दुल रज्जाक समक्ष सदस्यहरुको नामावली प्रस्ताव गर्नुभएको छ।

विश्वकर्माले प्रस्ताव गरेकाहरुमा बुटवलका गौतम कालिराज, मातृकाप्रसाद गहतराज, भैरहवाका घनश्याम विश्वकर्मा, रामनयन हरिजन, श्यामलाल धवल, सलुजा रामदाम, किरण लामगादे, तिलोत्तमाका रामबहादुर परियार, बिमल नेपाली, देवदहका सचिन बिक, सैनामैनाका शान्ति विश्वकर्मा, मोहन विक, मायादेवी गाउँपालिकाका ह्रदयराम हरिजन, गोकर्ण विश्वकर्मा, मोहनकुमार बिक, ओमसतिया गाउँपालिकाका दिपेन्द्र हरिजन, गैडहवा गाउँपालिकाका पानमति हरिजन रहेका छन्।

पार्टीभित्रको दलित विभागलाई बलियो र संगठित बनाउनका लागि विभाग विस्तार गरिएको जनाईएको छ। काग्रेसको बिधान अनुसार बिभिन्न विभागहरु गठन गर्ने क्रम चलेको छ।

दलित विभागको संयोजक भएसंगै बिश्वकर्माले काग्रेसको नीति, बिचार र सिद्धान्त अनुरुप काम गर्ने बताउनु भयो।

## संक्रमणसँग जुध्न...

महामारी रूप लिएको कतिपय देशमा जसरी एक्कासि सयौंको परीक्षण एकैपटक गर्नुपर्ने अवस्था आयो भने अहिलेको हाम्रो प्रणालीले धान्न सक्दैन। सरकारले प्रयोगशाला परीक्षणमा पर्याप्त पूर्वतयारी गरेकै छैन। एकैपटक धेरै संक्रमित भेटिए भने टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा विद्यमान उपकरण र जनशक्तिले थेग्ने अवस्था छैन। उक्त प्रयोगशालाको क्षमता दिनको एक सय र सातामा पाँच सय नमुना परीक्षण गर्न सक्ने मात्रै छ। त्यसैले प्रयोगशालाको क्षमता बढाउनु नै अहिलेको प्रमुख आवश्यकता हो। संक्रमण तीव्र रूपमा फैलिएमा थप उपकरण र जनशक्तिको जोहो कसरी गर्ने भन्ने स्पष्ट योजना सरकारसँग हुन आवश्यक छ। अर्को मुख्य विषय त, प्रयोगशालामा करिब एक हजार पाँच सय जनाको नमुना परीक्षण गर्न सक्ने रसायन मात्र बाँकी छ। सरकारले यसतर्फ पनि विचार पुर्‍याउनुपर्छ र आवश्यक रसायनको व्यवस्था गर्नुपर्छ। साथै, बिरामीका लागि अत्यावश्यकीय औषधिको मौज्दात पनि पर्याप्त राख्नुपर्छ। र, देशभरका स्वास्थ्यकर्मीहरूका लागि व्यक्तिगत सुरक्षाका सामग्रीहरूको पुग्दो जोहो गरिनुपर्छ।

केही व्यक्तिमा मात्रै संक्रमण देखियो भने पनि फैलावट तीव्र बन्दै जान्छ। तसर्थ, सरकारले सबै विकल्पका योजनाहरू बनाउनुपर्छ। कति जनासम्म संक्रमित देखिएमा ‘क्वारेन्टाइन’ मा राखेर उपचार गर्ने, कुन अवस्था आए कम जोखिम भएका बिरामीलाई घरमै अरूको संसर्गमा नरहने गरी बस्न आग्रह गर्ने भन्ने जस्ता योजना सरकारसित चाहिन्छ। अर्को, यति ठूलो महामारीसित सरकार एक्लैले जुध्न सक्दैन। असामान्य परिस्थितिको सामना गर्न त्यही स्तरको अतिरिक्त स्रोतसाधन र प्रयत्न आवश्यक पर्छ। त्यसैले निजी क्षेत्रलगायत समाजका सबै तह र तप्काले यसमा सघाउनुपर्छ। नागरिक स्तरबाटै आवश्यक सतर्कता अपनाउनुपर्छ। रोगको संक्रमण सर्नबाट जोगिन मास्क लगाउने र बेलाबेलामा साबुनपानीले राम्रोसँग हात धुने गर्नुपर्छ।

दीर्घ रोग, बढी उमेर र रोगसँग लड्ने क्षमता कम भएकाहरू बढी सतर्क रहनुपर्छ। कसैमा संक्रमण देखिइहाल्यो भने पनि उक्त व्यक्तिले अरूलाई रोग नसार्न आवश्यक सावधानी अपनाउनुपर्छ। यो सबै जनचेतना मुलुकभर फैलाउने मूल दायित्व भने फेरि पनि सरकारकै हो। यसका लागि तीनै तहका सरकारले निजी क्षेत्र र नागरिक समाजसित मिलेर काम गर्नुपर्छ। *-कान्तिपुरबाट*


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशन मिति २०७६।११।२९ गते)

युएनएफपिए तथा सिद्धार्थ सामाजिक विकास केन्द्रको साझेदारीमा कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, रोल्पा, प्यूठान र पूर्वी रुकुम जिल्लामा संचालन भईरहेको युवा तथा किशोर किशोरी लक्षित कार्यक्रमका लागि तपशिल बमोजिमको दक्ष कर्मचारीको आवश्यकता परेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न उल्लेखित आवश्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ । ईच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण सहित शैक्षिक योग्यता, तथा अन्य प्रमाणपत्र सहित कार्यालय समय भित्र पेश गर्न यसै सूचना मार्फत सूचित गरिन्छ । रीत नपुगी र म्यादनाघी आएका निवेदन उपर कुनै कारवाहि हुने छैन । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

| | |
|---|---|
| **पद** | कार्यक्रम अधिकृत (महिला) |
| **शैक्षिक योग्यता** | न्यूनतम् जनस्वास्थ्य विषयमा स्नातक तह (बिपिएच) उर्त्तीण गरी सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव । |
| **आवश्यक अनुभव र सीप** | सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा पनि २ बर्षको अनुभव, बृहत्तर यौनिक शिक्षा, स्वास्थ्य अधिकार, बाल अधिकार, किशोर किशोरी तथा युवा सशक्तिकरणको क्षेत्रमा जानकार, सरकारी तथा गैर सरकारी र विभिन्न सरोकारवालासंग समन्वय गर्ने दक्षता भएको, कम्प्यूटरको ज्ञान भएको र मोटर साइकल चलाउन जान्ने, अंग्रेजी तथा नेपाली भाषामा लेख्न र वोल्न सक्ने । |
| **प्राथमिकता** | सम्बन्धित क्षेत्रमा काम गरेका दलित, जनजाति, मुस्लिम तथा पिछडा बर्ग तोकिएको योग्यता भन्दा माथील्लो योग्यतालाई प्राथमिकता दिईने छ । |

*नोट :*
- ✓ **तलब सुविधा :** संस्थाको नियमाअनुसार ।
- ✓ **परीक्षाको किसिमः** प्रारम्भिक छनौट सूचीमा परेकाहरुका लागि मात्र लिखित, प्रयोगात्मक र अन्तरवार्ता हुनेछ ।
- ✓ **अवधी :** १० महिना कार्यसम्पादन र मूल्याङ्कनका आधारमा अवधी थप हुनेछ।

**आवेदन दिने स्थानः**
**सिद्धार्थ सामाजिक विकास केन्द्रको कार्यालय**
**वाँणगंगा नगरपालिका ४, जितपुर, कपिलवस्तु**
सम्पर्क फोन ०७६-५५०११६ र ५५०१९६
ssdc@ntc.net.np








## जनहितमा जारी स्वास्थ्य सन्देश

- एक बच्चा जन्मेपछि दोस्रो बच्चाको जन्मान्तर कम्तिमा तीन वर्ष गरौं । सो अवधिमा नजिकको स्वास्थ्य संस्थामा गई परामर्श लिई जन्मान्तरका साधन कण्डम, पिल्स, डिपो, इम्प्लान्ट र कपरटी सेवा लिऊ ।
- सन्तानका रहर पुगिसकेका दम्पत्तिहरुले स्वास्थ्य संस्थामा परामर्श लिई स्थायी बन्ध्याकरण गरौं ।
- सुर्तिको प्रयोग, अस्वस्थकर खाना, शारिरीक अभ्यासको कमी र मदिराको प्रयोगले चिनी रोग, क्यान्सर, उच्च रक्तचाप जस्ता नसर्ने रोगहरु लाग्ने गर्दछ । अतः नियमित शारिरीक व्याम गर्ने, मदिरा सेवन नगर्ने, नुन र चिनी कम खाने, सुर्तिजन्य पदार्थको सेवन नगर्ने, फलफुल र सागपात प्रशस्त खाने गरौं । -मुटु धेरै छिटो वा धेरै ढिलो चलेमा, रक्तचाप धेरै बढेमा, दम धेरै बढेमा, छातिको बिच भागमा धेरै दुखेमा तुरुन्त अस्पतालमा जानुहोस ।
- रक्सि, जाँड, बियर जस्ता मदिरा सेवन नगरौं र स्वस्थ बनौं ।
- प्रशुति गराउन नजिकको सरकारी बर्थिङ सेन्टर रहेका स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र वा अस्पतालमा लैजाऔं । घरमा प्रशुति नगराऔं ।
- नवजात शिशुहरुले छिटो छिटो श्वास फेरेमा, कडा कोखा हानेमा, सुस्त वा बेहोस भएमा, ज्वरो आएमा, हात खुट्टा चिसो भएमा, नाइटो पाकेमा वा छालामा पिपले भरिएका फोकाहरु आएमा, आमाको दुध राम्ररी नचुसेमा, नजिकको स्वास्थ्य संस्थामा लगि तुरुन्त उपचार गराऔं ।
- राष्ट्रिय खोप तालिका अनुसार एघार प्रकारका रोगहरुको बिरुद्ध दुई वर्ष मुनिका सम्पूर्ण वालवालिकाहरुलाई नजिकको सरकारी खोप केन्द्र वा स्वास्थ्य संस्थामा लगेर खोप लगाऔं । सबै खोपहरु स्वास्थ्य संस्थामा नि:शुल्क पाईन्छ ।
- हरेक गर्भवती महिलाहरुलाई कम्तिमा ४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा नजिकको स्वास्थ्य संस्थामा गई नि:शुल्क जाँच गराऔं ।

**अनुरोधक**
**स्वास्थ्य कार्यालय कपिलवस्तु र नेपाल पत्रकार महासंघ कपिलवस्तु**



## जनहितमा जारी सन्देश

- वन र वातावरण जिवनको अभिन्न अङ्ग हो ,त्यसैले यसको संरक्षण पनि हामी सबैको कर्तव्य हो।
- जैविक विविधताको संरक्षण गर्दै,वन जंगलको संरक्षण गरौं।
- वन भित्रका ताल तलैयाको उचित व्यवस्थापन गरौं।
- वन क्षेत्रमा रहेका वन्य जन्तुको संरक्षण गर्दै, खाली जमिनमा वृक्षारोपण गरौं।
- वनको अतिक्रमण तथा विनास गर्ने कार्य रोकौं ,वन जन्य उत्पादनको चोरी निकासी वन्द गरौं
- वनको वैज्ञानिक व्यवस्थापन गरौं,वोट विरुवाको संरक्षण गरौं।

**अनुरोधक**

- **मायाँदेवी साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **तिलौराकोट साझेदारी वन व्यवस्थापन समिति**,कपिलवस्तु
- **गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति**,कपिलवस्तु
- **कपिलवस्तु साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **शिजराज साझेदारी वन व्यवस्थापन समिति**, कपिलवस्तु
- **लुम्बिनी साझेदारी वन व्यवस्थापन समिति** रुपन्देही



## नगरवासीहरूमा बर्दघाट नगरपालिकाको अनुरोध

१. फोहर जथाभावी नफालौं।
२. आफ्नो घर आंगन सफा राखौं।
३. आ-आफ्नो घरबाट निस्कने फोहर कुहिने र नकुहिने गरी छुट्टायर राखौं।
४. घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ, ।
५. बाख्रा ,गाई गोरु हांस कुखुरा जथाभावी नछाडौ।
६. निमार्ण सामाग्री सडक तथा सार्वजनिक स्थलमा जथाभावी नराखौ, निमार्ण कार्य सम्पन्न भएपछि निमार्ण सामाग्रीको उचित व्यवस्था गरौ।
७. आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने,सलाई लाईटर,मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउमा नराखौं ।
८. नगरपालिकाबाट नक्सा पास गराएरमात्र भुकम्प प्रतिरोधी भवन निर्माण गरौं।
९. सफा र सुन्दर शहर निर्माण गर्ने दायित्व हामि सबैको हो, सभ्य नगरवासीको परिचय दिऔं।

**अनुरोधक**
**बर्दघाट नगरपालिकाको कार्यालय**
**बर्दघाट,नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम) प्रदेश नं.५ नेपाल**



## नगरवासीहरूमा सिद्धार्थ नगरपालिकाको अनुरोध



१. फोहर जथाभावी नफालौं।
२. आफ्नो घर आंगन सफा राखौं।
३. आ-आफ्नो घरबाट निस्कने फोहर कुहिने र नकुहिने गरी छुट्टायर राखौं।
४. घरजग्गा कर, व्यापार कर समयमै बुझाऔ, ।
५. बाख्रा ,गाई गोरु हांस कुखुरा जथाभावी नछाडौ।
६. निमार्ण सामाग्री सडक तथा सार्वजनिक स्थलमा जथाभावी नराखौ, निमार्ण कार्य सम्पन्न भएपछि निमार्ण सामाग्रीको उचित व्यवस्था गरौ।
७. आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने,सलाई लाईटर,मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउमा नराखौं ।
८. नगरपालिकाबाट नक्सा पास गराएरमात्र भुकम्प प्रतिरोधी भवन निर्माण गरौं।
९. सफा र सुन्दर शहर निर्माण गर्ने दायित्व हामि सबैको हो, सभ्य नगरवासीको परिचय दिऔं।

**अनुरोधक**



**सिद्धार्थ नगरपालिकाको कार्यालय**
**भैरहवा ,रुपन्देही- प्रदेश नं.५ नेपाल**

# नगरपालिकाका ४ आर्थिक क्षेत्र पहिचान

**दिवाकर पोखेल**
देउखुरी २८ फागुन

दाङको लमही नगरपालिकाले नगर क्षेत्रमा आर्थिक क्षेत्रको पहिचान,बजार प्रवद्धन र सवलीकरणको लागि क्षेत्र पहिचान गर्न थालेको छ । अन्तराष्ट्रिय दातृ निकाय जिआइजेड को सहयोगमा नगर क्षेत्रलाई कसरी आर्थिक रुपमा शशक्त पार्न सकिन्छ भन्ने विषयमा विज्ञहरुको वृहत खोज तथा अनुसन्धान थालिएको हो ।



पाका समुह नाम दिएर थालिएको बृहत अनुसन्धानबाट नगरपालिका लाई कृर्षि, दुग्धजन्य पदार्थ,उद्योग ब्यपार र प्रतिस्पर्धी लाभको बारेमा प्रतिबेदन तयार पारिएको छ । प्रतिबेदनमा अल्पकालिन तथा मध्यकालिन प्रस्तावबाट नगरलाई आर्थिक रुपमा शशत्तिकरण गर्न सकिने निष्कर्ष निकालिएको छ । डेरी समुहको प्रतिबेदन पेश गर्दै उद्यमशिल बहुउद्देश्यि सहकारी संस्थाका व्यवस्थापक विश्वप्रकाश अधिकारीले नगर क्षेत्रमा उत्पादन, प्रशोधन र वितरणको सहज अवस्था रहेको भन्दै डेरी उद्योगलाई व्यवस्थित गर्दै दुग्धउत्पादक किसानहरुलाई सहयोग गर्न सके दुग्ध उत्पादक पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने आधार रहेको बताउनुभयो । गुणात्मक बिधि अबलम्बन गरिएको उक्त अनुसन्धानले तथ्याङ्क विश्लेषण नगरिएको भएपनि गर्मी मौसममा समय दुध उत्पादन धेरै हुने र जाडो मौसममा कम उत्पादन हुने गरेकोले जानकारी दिनुभयो । उहाँले भन्नुभयोल 'स्थानीय सरकारले सहयोग गर्ने, मुल्इ निर्धारण गर्ने हो भने मौसम अनुसार मुल्य फरक फरक हुने थिएन,हाम्रो यहाँ दुध कुनै समय फाल्नुपर्ने र कुनै समय खोज्नुपर्ने अवस्था छ ।'

कृषि समुहबाट आफ्नो प्रतिबेदन प्रस्तुत गर्दै उद्यमसिलता विकास विज्ञ ताराप्रसाद भुसालले लमहीलाई कृषि क्षेत्र विशेगरी तरकारी र पशुपालन क्षेत्रमा योजना वनाउने सबल र दर्वल पक्ष समेटेर प्रतिबेदन बुझायएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो 'बगरखेती गर्न सकिने प्रशस्त खेतीयोग्य जमिन खेर गइरहेको छ, तरकारीको व्यवसायिक खेती गर्नेहरु बढ्नु भएको छ,तरकारीमा राम्रो सम्भावना छ ।' यस्तै उद्योग ब्यपारको लागि पनि सहज बाताबरण बन्दै गइरहेको, भारतसंग खुल्ला सिमाका कारण उत्पादीत समाग्री आर्यात निर्यात सहज भएको प्रतिबेदनमा उल्ल्खे गरिएको छ । आर्थिक क्षेत्र पहिचान गर्ने कार्यमा जिआइजेडले प्राविधिक सहयोग गरेको थियो ।

आर्थिक क्षेत्र पहिचानको लागि जिआइजेड को एल.पि.इ.डी.योजनाकी प्रमुख प्राविधिक सल्हाकार डा.भोलकर स्टेजरवालले आफुहरुले अनुन्धानमा प्राविधिक सहयोग गरेको जानकारी दिदै यसबाट नगरक्षेत्रको आर्थिक क्षेत्रको पहिचानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । यस्तै राष्ट्रिय परामर्श बिज्ञ डा. प्रदिपराज रोकायले व्यवसायिक बाताबरण सिर्जना गर्न स्थानीयबाट सकरात्मक सोंचका साथ सहयोग हुनुपर्ने बताउनुभयो ।

विज्ञहरुले मेयर विकास आइडिया प्रतिगोतिता संचालन गर्ने,पशु विमा प्रवर्द्धन,सहकारी मार्फत दुध संकलन लगायतको प्रस्ताव पेश गरिएको छ । अल्पकालिन र दिर्घकालिन प्रस्तावमा नगरपालिकाको १० बर्षे रणनीतिक कृषि योजना वनाउनुपर्ने प्रस्ताव गरिएको छ । लमही नगरपालिका प्रमुख कुलवहादुर केसीले यसरी अन्तराष्ट्रिय दातृ निकायले नगरपालिकामा प्राविधिक सहयोग गरेर आर्थिक क्षेत्रको पहिचानमा ठूलो सहयोग आफुहरु कार्यक्रम लागु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# नवालिका बलात्कार गर्नेलाई १२ वर्ष कैद

तौलिहवा २८ फागुन

कक्षा ७ मा पढने १४ बर्षिया नाबिलाकालाई बलत्कार गरेको अभियोग लागेका बुद्धभुमी नगरपालिका- ९ ईमिलियाका १८ बर्षिय योगेश श्रेष्ठलाई १२ बषै कैद र एक लाख क्षतिपुर्तिको फैसला भएको छ । सो मुद्दामा पुर्पक्षकालागि थुनामा रहेका उनलाई सो सजाय तोकेको हो । जिल्ल्ला न्यायधिश लोकजंगश शाहको ईजलासले सो फैसला गरेको हो । अदालका श्रेस्तेदार चिन्तामणि शर्मा अनुसार ती बालिकालाई बलत्कार गर्ने अन्य चार जना नाबलकलाई भने ८ बर्ष बाल सुधारगृहमा राख्ने फैसला भएको छ । बाल बालिका सम्बन्धी ऐनको दफा ३६ ( ४ ) अनुसार आरोपी नाबालक भए कैदको दुइ तिहाई मात्र सजाय भोग्नु पर्न प्रावधान छ । २०७५ माघ र फागुनमा छुट्टा छुट्टै सयममा ती बालिकालाई ६ जनाले जबरजस्तीकरणी गरेका थिए । ललाई फकाई बलत्कार गरिए पनि ती बालिकाले डर त्रासले त्यस बारे घरमा कसैलाई जानकारी दिएकी थिईनन । घटनापछि बालिकाले ३ महिना ४ दिनको गर्भ बाकेको कुरा स्वास्थ्य जाचको क्रममा भेटिएको थियो । पीडीतकी आमाले २०७६ बैशाख ११ गते आफनी नाबालिका छोरीलाई ६ जनाले बलात्कार गरेका किटानी जाहेरी दिएकी थिईन । सोही आधारमा घटनाका मुख्य आरोपी योगेश श्रेष्ठ पक्राउ परेका थिए । ती बालिकालाई बुद्धभुमी नगरपालिका- २ गोरुसिंगे स्थित रोयल खुस्बु होटलमा बलत्कार गरिएको थियो । होटलका मालिक बुद्धभुमी नगरपालिका- ९ ईमिलियाका युवराज भुसाल जैसीले पनि बालिकालाई बलात्कार गरेका थिए । किटानी जाहेरी परे देखि उनी फरार रहेको प्रहरीले जनाएको छ । उनको मुद्दा मुल्तबी राखिएको श्रेस्तेदार शर्माले बताए । ती बालिका सकुसल रहेको प्रहरीले जनाएको छ । १८बर्ष मुनीका बालबालिकाको सहमति र असहमति दुबै अवस्थामा हुने यौन काय बलात्कार हुने मुलुकी संहीतमा उल्लेख गरिएको छ ।


**आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवम् प्रचलित नियम कानुनहरुको पनि ख्याल गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**+ पावरटिलर (हातेट्याक्टर)माजोडेरधान, गहुँ काट्ने मेशिन (रिपर) किन ?**

- पावर टिलरबाट चलाउन सकिने ।
- जमिनको साइजअनुसार १ घण्टामा ५ देखि १० कट्ठा सम्म काट्न सकिने ।
- यस मेसिनबाट धान तथा गहुँ फेदैबाट काट्न सकिने हुँदा नल पराल खेर नजाने तसर्थः गाई बस्तु पाल्ने किसानको लागि अत्यन्त उपयोगि हुन्छ ।
- कम्बाइन हावेस्टर प्रयोग गर्न नसकिने साना तथा हिलो जमिनमा (केज ब्हिल लगाएर) बाली काट्न सकिने ।
- डिजल खपतः प्रतिघण्टा १ लिटर देखि सवा १ लिटर सम्म हुन्छ ।
- रिपरबाट धान काट्दा प्रति घण्टा ६०० का दरले जम्मा रु ५००० देखि ६००० खर्चमा एक बिगाहा धान काट्न सकिन्छ भने मानिसले काट्दा करीब रु ८००० देखि १०००० सम्म खर्च लाग्छ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कपिलवस्तुद्धारा जनहितमा जारी सन्देश ।**


# नयाँ सर्पदंश उपचार केन्द्र सञ्चालन

रुपन्देही २८ फागुन

रुपन्देहीको सैनामैना सालझण्डीमा बुधबारदेखि सर्पदंश तथा स्वास्थ्य उपचार केन्द्र सञ्चालनमा आएको छ ।

सैनामैना ११ पिपलडाँडास्थित करिब १४ कठ्ठा जग्गामा एक करोड ११ लाख रुपैयाको लागतमा उक्त उपचार केन्द्र सञ्चालनमा आएको हो ।

वि.सं. २०७२ सालमा सर्पदंश उपचार केन्द्र निर्माणार्थ श्रीमद्भागवत महायज्ञ आयोजना गरी ६० लाख रुपैंया उठेको थियो ।



यस्तै भवन निर्माणका लागि सैनामैना नगरपालिकाले २० लाख ५५ हजार रुपैयाँ, स्थानीय नरिश्वर पाण्डेले तीनलाख रुपैयाँ, कञ्चन गाउँपालिकाले ८८ हजार, गैडहवा गाउँपालिकाले एकलाख र भूतपूर्व सैनिक संघ सालझण्डीले ५५ हजार सहयोग तथा स्थानीयबासीहरुको चन्दा रकमबाट भवन निर्माण गरेको निर्माण समितिका सचिव नेत्रप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

सैनामैना नगरपालिकाको मातहतमा सञ्चालन हुने सर्पदंश उपचार केन्द्रमा सर्पदंशका विरामीको उपचार गर्न नेपाली सेनाको सहकार्यमा सेनाको तर्फबाट एकजना र संघीय स्वास्थ्य मन्त्रालयबाट एकजना गरी दुईजना विशेषज्ञ चिकित्सक उपचार केन्द्रमा रहनेछन् ।

केन्द्रको भवन निर्माणमा नेपाली सेनाको कालिदत्त गुल्मका सैनिकले श्रमदान पनि गरेका थिए ।

उपचार केन्द्रको उद्घाटन गर्दै सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुरकार्कीलेरुपन्देही,कपिलवस्तु, अर्घाखाँची र पाल्पा लगायतसम्मका जनता लाभान्वित हुने विश्वास ब्यक्त गर्नुभयो ।

जनताको आवश्यकतालाई बुझेर कसैको पनि सर्पको डसाईबाट अकालमै ज्यान नजाओस भन्ने अभिप्रायले सर्पदंश अस्पताल सञ्चालनमा ल्याएको प्रमुख कार्कीले बताउनु भयो ।

कार्यक्रममा कञ्चन गाउँपालिकाका अध्यक्ष गोकर्णबहादुर क्षेत्रीले सर्पदंश अस्पतालबाट यस क्षेत्रका जनताले ठूलो सुविधा पाउने बताउँदै अव उपचारको अभावमा कसैले ज्यान गुमाउनु नपर्ने आशा व्यक्त गर्नुभयो ।

सर्पदंश उपचार केन्द्र भवनको माथिल्लो तलामा सर्पदंश उपचार केन्द्र र तल्लो तल्लामा स्वास्थ्य चौकी रहने सैनामैना नगरपालिका वडा नं.११ का अध्यक्ष सुनिल मरासिनीले बताउनु भयो ।

यस्तै कार्यक्रममा सैनामैना नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी, समाजसेवी इन्द्रबहादुर जि.सि., नेत्रप्रसाद घिमिरे, ज्ञानबहादुर सोमरे, कृष्ण प्रसाद घिमिरे, कृष्णप्रसाद भण्डारी, नेपाली कांगेसका नगर सभापति रामप्रसाद अधिकारी, नेकपाका नगर अध्यक्ष चेतनारायण न्यौपाने लगायतले कार्यक्रममा बोल्नुभएको थियो ।

कार्यक्रममा सर्पदंश उपचार केन्द्र व्यवस्थापन समितिका अध्यक्ष मिनप्रसाद घिमिरेले भवन निर्माण प्रतिवदेन तथा लेखा सदस्य सन्तोष पन्थले आन्तरिक लेखा प्रतिवदेन पेश गर्नुभएको थियो ।


**लुम्बिनी भ्रमण वर्ष २०७६ लाई सफल पारौं**



बुद्ध जन्मस्थल लुम्बिनी जाऔं ।
शान्तिको सन्देश फैलाऔं ।
प्रदेश नं. ५ का पर्यटकीय
गन्तव्यको पहिचान गरौं ।
आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरौं ।

उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ५ बुटवल,रुपन्देही






**ए.बि. अटो एण्ड इलेक्ट्रिकल प्रा.लि.**
बाणगंगा -जितपुर बैरिया ,कपिलवस्तु
फोन : ०७६-५५०२२९,९८५११४००८१,९८५७०५०५३६



Pro. shibu adhikari Mobile 9840696716/9827400964

THREE STAR
**FROZEN**
SUPPLIERS
Sukkhanagar 8
Sundarchock, butwal






हामी काहाँ फ्रोजोन आइटमहरु, ससेसज,सफल मटर स्वीटकन, फ्रेन्च, फ्राई प्याकिङ्ग मःमः, बासा फिस, पाउन, टराउट फिस, साथै अमुल वटर किम चिज साथै सम्पुर्ण भोजनका आइटमहरु सुपथ मुल्यमा पाइन्छ । साथै बिहान ७ बजे देखि बेलुका ८ बजे सम्म फ्रि डेलिभरिको सुबिधा पनि छ । एक पटक सेवा गर्ने अवसर अवश्य दिनु होला ।



**कमन नेपाल प्रा. लि.**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**,
सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, बजार व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **शैलेन्द्र कुमार चौधरी**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्सः** ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , **ईमेलः** buddhadarpan@gmail.com **मुद्रणः** कलर अफसेट प्रेस, बुटवल, रुपन्देही